

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यलेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



# पोखरापत्र

राष्ट्रिय दैनिक

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २३ ❑ अङ्क २०९ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ साउन २८ गते शनिबार ❑ 13 Aug 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## मुलुकमा युवा उद्यमशीलताको विकास गर्नुपर्छ- प्रधानमन्त्री देउवा

**पोखरापत्र संवाददाता**
**पोखरा, २७ साउन**

प्रधानमन्त्री शेरबहादुर देउवाले शैक्षिक बेरोजगारी न्यूनीकरण गर्न युवा उद्यमशीलता विकास गर्नुपर्ने बताउनुभएको छ। अन्तर्राष्ट्रिय युवा दिवस मूल समारोह समितिले अन्तर्राष्ट्रिय युवा दिवसका अवरमा शुक्रबार आयोजना गरेको कार्यक्रममा प्रधानमन्त्री देउवाले देशविकासको अभियानमा युवा वर्ग क्रियाशील हुनुपर्नेमा जोड दिनुभयो।



विभिन्न पुस्तामा रहेका सिप, क्षमता युवालाई हस्तान्तरण गरी नयाँ पुस्तालाई सवलीकरणको खाँचो औंल्याउँदै उहाँले देश र समाजको परिवर्तन तथा राष्ट्रको विकासका लागि विशेष भूमिका निर्वाह गर्ने युवा वर्गको योगदानलाई सबै समक्ष चिनाउन र युवा वर्गको समग्र हित र अधिकारको विषयलाई व्यवस्थित तवरले अघि बढाउन आवश्यक रहेको बताउनुभयो।

अन्तर्राष्ट्रिय युवा दिवसले विश्वभर रहेका सबै जात जाति, धर्म, लिङ्ग, तथा समुदायका युवालाई एक आपसमा जोड्ने एउटा मत्वपूर्ण उत्सव भएको बताउँदै यस दिवसले युवा पिँढीमा रहेका क्षमताको उजागर गरी दिगो विकास लक्ष्य हासिल गर्न सार्थक साझेदारका रूपमा सहयोग पुर्‍याउने बताउनुभयो।

प्रधानमन्त्री देउवाले यो वर्षको अन्तर्राष्ट्रिय युवा दिवसको नाराले विभिन्न पुस्ताहरूमा रहेका सीप, दक्षता, क्षमता र अनुभवलाई समन्वयात्मक र परिपूरक ढङ्गले एकैसाथ प्रयोग गरी विश्वले परिकल्पना गरेको समतामूलक र शान्तिपूर्ण समाज निर्माण गर्ने विषयमा सबैलाई अभिप्रेरित गर्ने बताउनुभयो। विभिन्न क्षेत्रमा अन्तर पुस्तागत सहकार्यका लागि रहेका चुनौतीलाई परिवर्तन गर्दै युवाको नेतृत्वमा समृद्ध र सुदृढ समाज निर्माण गर्नुपर्ने खाँचो औंल्याउँदै प्रधानमन्त्री देउवाले यस अवसरमा सबै पुस्ताले सुरक्षित, संरक्षित र न्यायपूर्ण अनुभूतिका साथ सम्मुन्नत राष्ट्र निर्माणमा योगदान पुर्‍याउन सकुन् भन्ने शुभेच्छा व्यक्त गर्नुभयो।

उहाँले भननुभयो-"स्वस्थ, शिक्षित, सीपयुक्त, सिर्जनशील र अनुशासित एवं राष्ट्रियताको भावनाले ओतप्रोत भएका युवा आजको हाम्रो आवश्यकता हो। यस्ता युवाहरूको विकासबाट मात्र मुलुकले काँचुली फेर्न सक्नेछ। स्वस्थ, समुन्नत, न्यायपूर्ण र शान्तिपूर्ण समाजको निर्माणका लागि राज्यका प्रत्येक तह र क्षेत्रमा युवा वर्गलाई पर्याप्त अवसर प्रदान गर्नु जरूरी छ। परिवर्तनको संवाहक मानिने युवा वर्गको नेतृत्व र अग्रसरतामा नै मुलुकको सुन्दर भविष्य सुनिश्चित हुन्छ।" देशभित्रै पर्याप्त अवसरहरू सिर्जना गरी मुलुकका नव प्रतिभा र नव शक्तिलाई स्वदेशमै रोजगारमूलक र सिर्जनात्मक कार्यमा संलग्न गराउने वातावरण निर्माण गर्न सरकार, निजी क्षेत्र तथा नागरिक समाज सबैले समन्वयात्मक रूपमा कार्य गर्न आवश्यक रहेको उहाँको भनाई थियो। प्रधानमन्त्री देउवाले मुलुकमा एकातिर राज्यले सीपयुक्त र दक्ष नागरिकको खोजी गरिरहेको बताउँदै शिक्षित युवाले समेत आफ्नो योग्यता र क्षमता अनुसारको काम र रोजगारी नपाई विदेशिनुपर्ने बाध्यता रहेकामा चिन्ता व्यक्त गर्नुभयो। उहाँले भन्नुभयो -"चुस्त र व्यावहारिक कार्ययोजना तयार गरी युवा वर्गमा रहेको शैक्षिक बेरोजगारीलाई अन्त्य गर्न हामी


**बाँकी अन्तिम पृष्ठमा ▶▶**


## ब्रह्माकुमारीजमा त्रीदिवसीय रक्षा बन्धन एवम् स्नेह मिलन

**पोखरापत्र संवाददाता**
**पोखरा, २७ साउन**

सनातन धर्मावलम्वीहरुको महान पर्व रक्षाबन्धन (जनैपूर्णिमा) को पावन अवसरमा ब्रह्माकुमारी इश्वरीय विश्व विद्यालयले पोखरामा रहेका २२ वटा शाखाहरुमा विश्वबन्धुत्व, भाइचारा, पवित्र आत्मिक प्रेमको सन्देश फैल्याउनका लागि त्रीदिवसीय रक्षा बन्धन एवम् स्नेह मिलन कार्यक्रम सम्पन्न गरेको छ।



गण्डकी प्रदेश प्रमुख माननीय पृथ्वीमान गुरुङ, माननीय मुख्यमन्त्री कृष्णचन्द्र नेपाली, गण्डकी प्रदेशका माननीय कानून, संचार तथा प्रदेश सभा मामिला मन्त्री बिन्दु कुमार थापा, पोखरा महानगरपिका प्रमुख धनराज आचार्य, लायन्स क्लब डिष्ट्रिक्ट ३२५ जे का गवर्नर ध्रुव श्रेष्ठ, वरिष्ठ डाक्टर तेज बहादुर गुरुङ, डाक्टर निरज दुबे, प्रहरी नायव निरिक्षक सुन्दर तिवारी, प्रहरी वरिष्ठ नायव निरिक्षक रत्न कुमारी श्रेष्ठ, समाजसेवी मदनकाजी श्रेष्ठ, महिला पर्यटन व्यवसायी लक्की क्षेत्री लगायत समाजका विशिष्ट व्यक्तित्वहरुले अति श्रद्धाका साथ ब्रह्माकुमारी ईश्वरीय विश्व विद्यालय नेपालका अध्यक्ष राजयोगिनी ब्रह्माकुमारी परिणीता दिदी लगायत अन्य ब्रह्माकुमारी दिदीबाट रक्षाबन्धन स्वीकार गर्नुभएको थियो।

यसै क्रममा संस्थाको मुख्य शाखा नयाँबजारमा रक्षाबन्धन स्नेह मिलन कार्यक्रममा आशिर्वचन दिदै ब्रह्माकुमारीज नेपालका अध्यक्ष दिदीले भन्नुभयो,' विषतोडक या पूण्यप्रदायक पर्वका नामले पनि चिनिने यस पर्वलाई ब्रह्माकुमारीजका विश्वभरी करिब १६० देशमा रहेका करिब १० हजार अधिक सेवाकेन्द्रहरुमा वार्षिक रुपमा जन समुदायलाई रक्षाबन्धन ग्रहण गराएर दक्षिणा स्वरुप मनोविकारहरु र अवगुणहरु दान गर्न लगाइनु नै यस पर्वको अलग महत्व रहेको एवम् सबैले मन, वचन र कर्ममा पवित्रता धारण गर्ने प्रतिज्ञा गर्नु नै सच्चा जनै या रक्षा सूत्र बाँध्नुको आध्यात्मिक प्रतिकात्मक अर्थ हो। शहरका अन्य विभिन्न स्थानहरु जस्तै जिल्ला प्रहरी कार्यालय, बृद्धाश्रम, कारागार, आदि निकायहरुमा गई पर्वको आध्यात्मिक रहस्योद्घाटन, शुभकामना आदान प्रदान, एवं पवित्रता, प्रेम, सद्भावको सूचक राखी सूत्र ग्रहण गराउने कार्यक्रम संस्थाले सम्पन्न गर्‍यो जस अन्तर्गत करीब ३५००० जनाले अवगुणलाई त्यागेर सद्गुण अपनाउने प्रतिज्ञा गर्दै राखी सूत्र ग्रहण गरे।

## एकात्मकवादी चिन्तनका कारण जनजातिका गौरवपूर्ण इतिहास बाहिर आएनः प्रदेश प्रमुख गुरुङ

**पोखरापत्र संवाददाता**
**पोखरा, २७ साउन**

कास्कीका पत्रकार उदयबहादुर अमात्य र लम्जुङका आश गुरुङलाई नेपाल आदिवासी जनजाति पत्रकार महासंघ (फोनिज) गण्डकीले सञ्चालन गर्दै आएको 'कञ्चन पत्रकारिता पुरस्कार-२०७९' अर्पण गरिएको छ।



स्व. पिता वेदमान गुभाजू र माता स्व. नेत्रकुमारी गुभाजूको स्मृतिमा युवा व्यवसायी विमलमान गुभाजू तथा परिवारद्वारा स्थापित कञ्चन पत्रकारिता पुरस्कार फोनिजको २३ औं स्थापना दिवसको अवसरमा शुक्रबार अर्पण गरिएको हो। गण्डकी प्रदेशका प्रदेश प्रमुख पृथ्वीमान गुरुङले पुरस्कृतद्वय अमात्य र गुरुङलाई जनही दोसल्ला, सम्मानपत्रसहित नगद रु २५ हजार प्रदान गरे। सो अवसरमा बोल्दै प्रमुख अतिथिसमेत रहेका पृथ्वीमान गुरुङले पत्रकारिता शक्तिशाली क्षेत्र भएको उल्लेख गरे। 'पत्रकार राज्यको चौथो अंग हो, मुख्य अंग हो, उनले भने, 'राज्यमा कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका हुन्छ। ओदानको तीन खुट्टा भएझै यी तीन अंग शक्ति सन्तुलनको दृष्टिकोणले महत्वपूर्ण हुन्छ। यस पछिको अर्को महत्वपूर्ण अंगको रुपमा पत्रकारितालाई लिइन्छ। त्यसैले स्वतन्त्र पत्रकारिता गर्न आवश्यक रहन्छ।' उनले पत्रकारहरु राज्यको निर्णायक अंग रहेको बताउदै सचेतक भएको धारणा राखे। 'राज्यलाई गल्ती गर्दा औला ठड्याउने पत्रकार नै हुन्। नेपालको इतिहासमा निरकुंशको विरुद्धमा उभिएर सचेतकको भूमिकामा रहेको पाइन्छ, उनले भने, 'त्यसैले पत्रकार सचेतक पनि हुन्। पत्रकार जहिल्यै लोकतन्त्र र नागरिक राष्ट्र हितको पक्षमा हुनुपर्छ।'

उनले नेपाल एकीकरणदेखि अहिलेसम्म राष्ट्र निर्माणमा आदिवासी जनजाति समुदाय र पत्रकारको भुमिका सम्मानयोग्य रहेको उल्लेख गरे। 'नेपालको एकीकरणको अन्दोलनमा होस्। चाहे जहानिया राणाशासन विरुद्धको आन्दोलनमा होस् या पछिल्लो समयको आन्दोलनमा होस्। आदिवासी जनाजातिहरु नागरिकको स्वतन्त्रता र अधिकारको पक्षमा लागेको इतिहास छ, प्रदेश प्रमुख गुरुङले भने, 'आदिवासी जनाजाति मात्रै होइन त्यही समुदायको पत्रकार हरुको पनि योगदान अतुलनीय छ। भलै शैक्षिक अवस्थाको कारण र एकल राज्यसत्तात्मक चिन्तनका कारण त्यो गौरवपूर्ण इतिहास बाहिर आउन सकेको छैन।'

नेपाल एकीकरणको पक्षमा जनजातिहरुको भूमिका अतुलनीय रहेको बताउदै पाउनुपर्ने अधिकारबाट वञ्चित भएको बताए। उनले विमलमान गुभाजू र गुभाजू परिवारले आफ्ना स्व. पिता र माताको नाममा स्थापित कञ्चन पत्रकारिता पुरस्कारले फोनिजकर्मीहरुलाई थप्रोत्साहान र हौसला प्रदान गर्नेसमेत बताएका थिए। यसैगरि पुरस्कृत व्यक्तित्व उदय बहादुर अमात्यले आफुलाई फोनिज दिवसको अवसरमा पुरस्कृत गरेको भन्दै खुशी व्यक्त गरे। उनले पछिल्लो समय भाषागत पत्रकारिता लोप हुदै गएको बताउदै फोनिजले संरक्षणको लागि पहल गर्नुपर्ने धारणा राखे। 'पछिल्लो समय मातृभाषा लोप हुदै गएको छ। त्यसको संरक्षण हुन आवश्यक छ, उनले भने, 'नजानेको भए सिक्नुपर्छ। तर यसको उजागर र संरक्षण हुन जरुरी छ।'

पुरस्कृत भएका आमात्य गण्डकी प्रदेशको एकमात्र नेपाल भाषा मासिक पत्रिका पोखरायाः भिन्तुनाका प्रकाशक तथा प्रधानसम्पादक हुन्। भने गुरुङ कान्तिपुर दैनिकका लमजुङ संवाददाता हुन्। अधिवक्ता सुरेन्द्र थापामगर संयोजक रहेको प्रतिभा छनोट समितिले पत्रकार द्वयलाई पुरस्कार अर्पण गर्न सिफारिस गरेको थियो। यसअघि उक्त पत्रकारिता पुरस्कारबाट बागलुङका राजेन्द्रमान राजभण्डारी र कास्कीका रुद्रबहादुर थापा, कास्कीका शान्ति गुरुङ र नवलपुरका केबी राना पुरस्कृत भइसकेका छन्। यसै गरी फोनिज गण्डकी प्रदेशले संस्थाको २३ औं स्थापना दिवसको अवसरमा विभिन्न व्यक्तित्वलाई सम्मान गरेको छ। पोखरा महानगरपालिका १ का वडाध्यक्ष सहारा प्रधान, पोखरा २५ का वडाध्यक्ष मोतिराज तिमिल्सिनालाई प्रदेश प्रमुख गुरुङले खादा तथा मालासहित सम्मान गरे।

यसैगरि वरिष्ठ अधिवक्ता सुरेन्द्र बहादुर थापामगर, फोनिजका केन्द्रीय सल्लाहकार हुम बहादुर गुरुङ, नेपाल मगर पत्रकार महासंघ कास्कीका अध्यक्ष विना थापा मगर, उपाध्यक्ष, सुरज थापामगर, सचिव प्रविन मगर, सहसचिव बल बहादुर रोकामगर, कोषाध्यक्ष आशामाया थापामगर, सदस्यहरु श्याम रानामगर, विकास रोका मगर, जुना थापामगर, सिजन थापामगर, सुजन थापामगरलाई सम्मान संस्थाका महासचिव सुमन गुरुङले जानकारी दिए। उनका अनुसार मिस मगर नेपाल २०२२ मिलन थापामगर, सेकेन्ड रनरअप टुगा राना मगर, थर्ड रनरअप मिना गर्बुजा मगर, भ्युअर च्वाइस रोश्ना बुढाथोकी मगर लगायतलाई सम्मान गरिएको थियो।


संस्थाका महासचिव गुरुङले गुभाजू परिवारद्वारा स्थापित ७ लाखको कोषमा यस वर्ष १ लाख रुपैया थपगरि ८ लाख पुर्याइएको बताए। सो कार्यक्रममा फोजिनका केन्द्रीय सल्लाहकार हुम बहादुर गुरुङ, नेपाल आदिवासी जनजाति महासंघका केन्द्रीय उपाध्यक्ष बुद्ध घर्ती भुजेल, नेपाल पत्रकार महासंघ कास्कीका कार्यवहाक अध्यक्ष रामप्रसाद तिमिल्सिना, प्रेस चौतारी गण्डकीका संयोजक इन्द्र पौडेल लगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए। फोनिज गण्डकीका अध्यक्ष रुद्र बहादुर श्रीसको सभापतित्वमा सम्पन्न कार्यक्रममा संस्थाका उपाध्यक्ष खिमा गुरुङले स्वागत मन्तव्य व्यक्त गरेका थिए भने महासचिव धन बहादुर गुरुङ (सुमन) ले कार्यक्रम सञ्चालन गरेका थिए।

## सभामुख सापकोटासँग चिनियाँ राजदूत होउको शिष्टाचार भेट

**रासस**
**काठमाडौं, २७ साउन**

सभामुख अग्निप्रसाद सापकोटासँग नेपालका लागि चिनियाँ राजदूत होउ यान्छीले शिष्टाचार भेट गर्नुभएको छ।

उहाँहरुबीच सभामुखको सरकारी निवास लैनचौरमा आज बिहान भेटवार्ता भएको हो। भेट दुई देशबीचको सम्बन्ध, आपसी हित र चासोका विषयमा केन्द्रित रहेको थियो। सभामुख सापकोटाले हालैको दशकमा चीनले गरिबी निवारणमा हासिल गरेको उपलब्धि, कोभिड महामारी नियन्त्रणमा लिएको पहलकदमी, छिमेक नीति र अन्तर्राष्ट्रिय कूटनीतिमा चीनको परिपक्वताको प्रशंसा गर्नुभयो। सभामुख सापकोटाले नेपाल एक चीन नीतिमा सदैव प्रतिबद्ध रहेको स्पष्ट गर्दै नेपाली भूमि छिमेकी राष्ट्रविरुद्ध प्रयोग हुन नदिने विषयमा नेपाल सधैँ चनाखो र सचेत रहेको बताउनुभयो। उहाँले संयुक्त राष्ट्रसङ्घको वडापत्र तथा पञ्चशीलको सिद्धान्तअनुरुप कुनै पनि मुलुकको सार्वभौमिकता र आन्तरिक मामिलामा अहस्तक्षेपको नीतिको सबैले सम्मान गर्नुपर्ने धारणा व्यक्त गर्नुभयो।

# 'लेकसिटि र गोल्डेनगेट कलेज बिच अन्तरक्रिया'

**पोखरापत्र संवाददाता**
**पोखरा, २७ साउन**

पोखरा-४ गैह्रापाटनमा रहेको लेकसिटी कलेज एण्ड रिसर्च सेन्टरमा गोल्डेनगेट इन्टरनेस्नल कलेज काठमाडौंका सामाजिक कार्य अध्यनरत विद्यार्थी बिच भेटघाट तथा अन्तरक्रिया कार्यक्रम भएको छ।

स्नातक तह सामाजिक कार्य अध्ययन गर्ने गोल्डेनगेट् का विद्यार्थीहरु प्राक्टिकल फिल्ड भिजिटको लागि पोखरा आएका थिए र त्यसै क्रममा लेकसिटि कलेजमा सामाजिक कार्य अध्यनरत गर्ने विद्यार्थीहरुले आफ्नो कलेजमा स्वागत गरेर विभिन्न कार्यक्रम हरु गरेका थिए। गोल्डेनगेट कलेज का लेक्चर साथै फिल्ड सुपरभाइजर सरिता सापकोटा र सुस्मा गिरि ले विद्यार्थीहरु लिएर उपस्थिति थिए भने उक्त टिम पोखरा प्रवेश गरे सङैं लेकसिटि कलेज कि लेक्चर साथै सामाजिक कार्य फिल्ड सुपरभाइजर रोसिना कुँवरले उनिहरुलाई सहजिकरण गरेकी थिइन् । सामाजिक कार्य अध्ययन गर्ने दुइ कलेज बिचको भेटघाट मा विध्यार्थिहरुले बिभिन्न कार्यक्रम गरेका थिए साथै मनोरञ्जनका खेलहरु, Social Maping गरेर पोखरा का विभिन्न ठाउँको जानकारी दिने र लिने पनि गरेका थिए । लेकसिटि कलेजमा




सामाजिक कार्य अध्ययन गर्ने स्नातक तह पहिलो, दोश्रो र तेश्रो वर्षका विद्यार्थी ले सामाजिक कार्य पढिरहँदा र यसलाई प्राक्टिकल्ली रुपमा फिल्डमा काम गर्दा का आफ्ना कार्य र अनुभवहरु पनि सुनाय । एकदिनको समयमा दुइ कलेजहरु पोखराका केहि कार्यलय हरु पनि घुमेर केहि सिक्ने अवसर मिलाएका थिए। लेकसिटिमा केहि कार्यक्रम हरु सकेपछि उनीहरु "गण्डकी प्रदेश प्रशिक्षण प्रतिश्ठान" को कार्यलय नदिपुर पुगेर त्यहाँ को बारेमा र त्यहाँको कार्य सम्पादन साथै बिभिन्न जिज्ञासा राख्दै त्यहाँ को जानकारी लिएका थिए । लगतै उनीहरु कास्की जिल्ला प्रसासन कार्यलय पुगेर त्यहाँ केहि बेर आफुले सिक्न र जान्न मन लागेका कुरा साथै आफ्ना प्रश्न हरु राखेका थिए ।

जिल्ला प्रसासन कार्यलय कास्की प्रमुख जिल्ला अधिकारी जयनारायण आचार्य, शिव प्रसाद रिजाल सहायक प्रमुख जिल्ला अधिकारी (सूचना अधिकारी), अनिल कुमार शाही सहायक प्रमुख जिल्ला अधिकारी हरु बिच विध्यार्थी हरु छलफल गरेका थिए । पोखरामा हुने कार्यहरु, आफ्नो कर्तव्य र समस्या हरुलाई समाधान गर्दै आफ्नो जिम्मेवारी पुरा गरिरहेको उनीहरुले बताएका थिए। आगामी दिनहरुमा पनि कमि कमजोरी नियाल्दै जनतालाई सहज हुने गरि कार्यहरु गर्ने र काम गरिरहँदा आउने चुनौती हरुको बारेमा पनि जानकारी दिएका थिए । अबका दिनहरुमा युवाहरु सङँ सहकार्य गर्दै युवा पुस्ताको लागि विभिन्न अवसर हरु जुटाउने छौँ भन्दै प्रमुख जिल्ला अधिकारी जयनारायण आचार्यले आफ्ना सुझाव सल्लाह व्यक्त गरेका थिए । दुबै कलेजका विध्यार्थी बिच यस्तै कार्यक्रमहरु गर्दै गर्दा लेकसिटि कलेज एन्ड रिसर्च सेन्टर मा स्नातक तह दोस्रो वर्ष सामाजिक कार्य अध्ययनरत छात्रा स्मृति काफ्ले भन्छिन "आफुँ जस्तै सामाजिक कार्य पढ्ने नयाँ साथी , दाइदिदीहरु भेटेर अन्तरक्रिया गरिरहँदा एकदम खुशी लाग्यो भोलिको दिनहरुमा पनि यसरी नै सहकार्य गर्दै सामाजिक क्षेत्रमा अगाडि बढ्ने छौँ "भन्दै उनले आफ्ना अनुभव हरुपनि सुनाइन ।

गोल्डेनगेट कलेज कि लेक्चर सरिता सापकोटा ले येति छोटो समयमै विध्यार्थी बिचको आत्मियता, क्षमता र मित्रता देखेर जुन उदेश्यले आएका थिएउँ त्यो देखेर एकदमै हर्षित छौँ भन्दै खुशी व्यक्त गरेकि छन भने सोहि कलेजकि लेक्चर सुस्मा गिरिले विद्यार्थीलाई सुझाव सल्लाह व्यक्त गरेकि छन् ।



जनै पूर्णिमाको अवसरमा पोखराको केदारेश्वर मन्दिरमा सर्बसाधरणलाई रक्षा बन्धन (जनै) बाँध्दै वटुकहरु । तस्वीर : राधिका कँडेल, रासस

# पूर्वप्रधानमन्त्री कोइरालाको ८३औँ जन्मजयन्ती

**रासस**
**काठमाडौं, २७ साउन**

पूर्व प्रधानमन्त्री सुशील कोइरालाको ८३औं जन्मजयन्ती शुक्रबार विभिन्न कार्यक्रम आयोजना गरी मनाइएको छ।

विसं १९९७ साउन २७ गते जन्मनुभएका नेपाली कांग्रेसका पूर्वसभापति एवं विसं २०७२ को संविधान बनाउन नेतृत्वदायी भूमिका निर्वाह गर्नुभएका कोइरालाले जीवनपर्यन्त प्रजातान्त्रिक सिद्धान्त अनुकूलको आचरण गर्नुभयो । राजनीतिमा निष्ठा, इमान्दारिता र सादगीको शक्ति कति हुन्छ भन्ने कुरालाई स्थापित गर्न उहाँको योगदान महत्वपूर्ण थियो । प्रथम जननिर्वाचित प्रधानमन्त्री बिपी कोइरालाबाट प्रभावित भएर राजनीतिमा लाग्नुभएका उहाँले सधैँ सत्यको वकालत गर्नाका साथै सादगी जीवनयापन गर्नुभयो । त्यसैको फलस्वरुप नेपाली जनताको २००७ साल देखिको चाहना बमोजिम संविधानसभाबाट संविधान बनाउने अभिभारा स्व. नेता कोइरालाको कार्यकालमा पूरा भएको थियो । संविधान जारी गर्नुहुन्न भन्ने शक्तिकेन्द्रको तीव्र दबाबका बाबजुद उहाँको अडानले २०७२ साल असोज ३ गते संविधानसभाबाट संविधान जारी भएको थियो । राजनीतिमा निष्ठा, आदर्श र सिद्धान्तको बलले नेता कोइरालाले सफलता पाउनुभएको सुशील कोइराला मेमोरियल फाउन्डेसनले शुक्रबार जारी गरेको विज्ञप्तिमा उल्लेख छ । फाउन्डेसनका अध्यक्ष एवं कांग्रेसका पूर्वमहामन्त्री डा शशाङ्क कोइराला र सदस्यसचिव अतुल कोइरालाले आज जारी गर्नुभएको वक्तव्यमा आजको युगमा कोइरालाजस्ता इमान्दारी र नैतिकतामा अडिग नेतृत्वको आवश्यकता रहेको उल्लेख छ। सरकारको नेतृत्वमा पुगेर पनि वेदाग फिर्ता हुन सक्नुले नेतृत्वगणलाई स्व नेता कोइरालाबाट शिक्षा मिल्ने वक्तव्यमा उल्लेख छ।

कोइरालाले जीवनमा पुऱ्याउनुभएको योगदानको सम्झनामा फाउन्डेसनले विभिन्न कार्यक्रम गर्दै आएको छ । फाउन्डेसनको संरक्षकमा प्रधानमन्त्री शेरबहादुर देउवा हुनुहुन्छ।

# कर्मचारीको अभावमा सेवाग्राहीलाई सास्ती

**पोखरापत्र संवाददाता**
**तनहुँ, २७ साउन**

जिल्ला प्रशासन कार्यालय तनहुँमा पर्याप्त कर्मचारी नहुँदा दैनिक सेवा लिन आउने सेवाग्राहीले सास्ती भोग्नुपरेको छ।

कर्मचारी थोरै भएकाले काम ढिलो हुँदा दैनिक कार्यालयको परिसरमा सेवाग्राहीको भीड लाग्ने गरेको छ । जिल्लाको शुक्लागण्डकी नगरपालिका-११ का रामु गुरुङ्ले राहदानी फाराम भर्न झण्डै तीन घण्टा लाइनमा बस्नुपरेको दुखेसो पोख्नुभयो । पछिल्लो समयमा कार्यालयमा राहदानीको लागि आउने सेवाग्राहीको सङ्ख्या बढी रहेको जिल्ला प्रशासन कार्यालय तनहुँले जनाएको छ । दैनिक सय जना क्षमताको लागि राहदानी फाराम खुलपनि अहिले दुई सय बढी सेवाग्राही आउन थालेपछि कर्मचारीलाई काम गर्न कठिन भएको सहायक प्रमुख जिल्ला अधिकारी काशीराम गैरेले बताउनुभयो । बढी भीड हुने भएकोले टाढाबाट आएका सेवाग्राहीलाई बास बस्न नपरोस् भनेर कार्यालय समयपछि पनि सेवा दिन थालिएको उहाँले जानकारी दिनुभयो । एकै स्थानबाट सेवाग्राहीलाई सेवा दिन गाह्रो भएपछि जिल्लाको पूर्व र पश्चिम दुई स्थानमा इलाका प्रशासन कार्यालय थप गर्न गृहमन्त्रालयलाई पत्राचार गरिएको उहाँले बताउनुभयो।

मन्त्रालयबाट चालु आर्थिक वर्षभित्र एउटा इलाका प्रशासन कार्यालय थप गर्ने गरी प्रक्रिया अघि बढाइसकेको छ । उहाँले भन्नुभयो,"पश्चिम क्षेत्रमा यसै आवदेखि सेवा दिने गरी इलाका प्रशासन कार्यालय स्थापना गर्न मन्त्रालयले तदारुकता देखाएको छ।" दरबन्दीअनुसारको कर्मचारी नहुँदा सेवाग्राहीलाई सहजरूपमा सेवा प्रवाह गर्न नसकिएको जिल्ला प्रशासन कार्यालयले जनाएको छ । कर्मचारी नहुँदा झेल्नुपरेको समस्याका विषयमा गृहमन्त्रालय र विभागमा जानकारी गराइएपछि चालु आर्थिक वर्षमा एउटा इलाका कार्यालय थप गर्ने कार्य अघि बढेको गैरेले जानकारी दिनुभयो।

पहिलेको जनसङ्ख्याअनुसार दरबन्दी कायम भएपनि अहिले जनसङ्ख्या बढेर दोब्बर हुँदा पुरानै दरबन्दीका कर्मचारीले सेवा दिन कठिनाई भएको उहाँले स्वीकार गर्नुभयो । अहिले प्रायःकाम कम्प्युटरमार्फत हुने भएपनि अपरेटरको दरबन्दी रिक्त भएपछि करारमा कर्मचारी नियुक्त गरी कामकाज गर्नुपरेको उहाँले बताउनुभयो । जिल्ला प्रशासन कार्यालयमा नागरिकता, राहदानी बनाउन, सङ्घ सस्था दर्ता, नविकरण, पेन्सनसम्बन्धी, दलित जनजाति प्रमाणित, नागरिकताको प्रतिलिपिलगायत कामका लागि दैनिक तीन सयभन्दा धेरै सेवाग्राही आउने गरेका छन् ।

## मुलुकमा...

प्रतिबद्ध हुन आवश्यक छ । यसका लागि निजी क्षेत्रको सहयोगका लागि पनि अपिल गर्न चाहन्छु।'' सरकारी तहबाट युवा केन्द्रित गतिविधिहरूको कार्य योजना निर्माण, कार्य सम्पादन तथा संयोजनको कार्यभार सुम्पिएको युवा परिषद्ले युवा उद्यमशीलता विकास, युवा रोजगारी प्रवर्द्धन, विकास निर्माणमा युवा सहभागिता, युवा वर्गको नेतृत्व विकास, युवा स्वास्थ्य लगायतका क्षेत्रमा कार्य गर्दै आइरहेको उहाँको भनाई थियो। प्रधानमन्त्री देउवाले खासगरी युवा वर्गलाई जीवनोपयोगी सीप र कौशल सिकाई स्वदेशी माटोमै रम्न र सहज रूपमा जीविकोपार्जन गर्नसक्ने अवस्थामा पुऱ्याउन जोड दिनुपर्ने खाँचो औंल्याउनुभयो । राष्ट्रिय युवा परिषद्का अध्यक्ष एवं युवा तथा खेलकुदमन्त्री महेश्वर गहतराजले मुलुकमा भएका विभिन्न आन्दोलनबाट प्राप्त भएको राजनीतिक परिवर्तनका कारण अव युवाले आन्दोलन गर्नुनपर्ने बताउँदै उनीहरुलाई उद्यमशील बनाउन सकेमा देश विकास हुने बताउनुभयो।

# सूचनाको हकसम्बन्धी विधेयक पारित

**पोखरापत्र संवाददाता**
**पोखरा, २७ साउन**

गण्डकी प्रदेशसभाको बैठकले सूचनाको हक सम्बन्धी विधेयकलाई सर्वसम्मतिले पारित गरेको छ । प्रदेशसभाको बिहीबारको बैठकमा कानून, सञ्चार तथा प्रदेशसभा मामिलामन्त्री विन्दुकुमार थापाले सो विधेयक प्रस्तुत गर्नुभएको थियो।

सो अवसरमा मन्त्री थापाले उक्त विधेयकले नागरिकलाई सही सूचना प्रवाह गर्न सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो । उहाँले विज्ञसँग व्यापक छलफल गरेर विधेयक पारित गरिएको र विधेयक अन्य प्रदेशभन्दा उत्कृष्ट बनेको दाबी गर्नुभएको छ । "गण्डकी प्रदेशमा सूचनाको हक प्रचलन गराउने सम्बन्धमा बनेको विधेयक विज्ञलाई राखेर व्यापक छलफल गरी पारित गरिएको हो । यसमा खोट लगाउने ठाउँ छैन । केही सुझाव आएका छन् । यसलाई आत्मसात् गर्दै अगाडि बढ्न सकिन्छ", उहाँले भन्नुभयो।

विद्यायन समितिका सभापति विष्णुप्रसाद लामिछानेले प्रदेश नियमावलीअनुसार विधेयक पारित भएको जानकारी दिनुभयो । प्रदेशसभा सदस्य विनोद केसीले सूचनाको हकसम्बन्धि विधेयक प्रभावकारी भएको र विधेयक बनाएर मात्रै नहुने कार्यान्वयन पक्षमासमेत ध्यान दिनुपर्ने आवश्यकतालाई औंल्याउनुभयो।

अर्का सदस्य सावित्रा रानाले पनि विधेयकले कार्यान्वयनमा गएमात्र सार्थकता पाउने धारणा राख्नुभयो । विसं २०७८ चैत २० गते प्रदेशसभामा दर्ता भएको सूचना विधेयक २०७८ चैत २३ गते प्रदेशसभामा पेश गरिएको थियो । चैत २५ गते विधायन समितिमा दफाबार छलफलका लागि पठाइएको विधेयक बिहीबार विधायन समितिको प्रतिवेदनसहित पारित भएको हो।

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

महिलाहरुमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८


नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# आँसु र हाँसोको सङ्गम सापारुअर्थात् गाईजात्रा

रासस
काठमाडौं, २७ साउन

मृतकको आत्माको शान्तिको कामना गर्दै हास्यव्यङ्ग्य र ख्यालठट्टासहित काठमाडौँ उपत्यकाकालगायत नेवार समुदायको बाक्लो उपस्थिति रहेका मुलुकका विभिन्न जिल्लाका सहरमा धुमधाम भोलि शुक्रबार सापारु अर्थात गाईजात्रा पर्व मनाइँदैछ । धार्मिक र सांस्कृतिक महत्वको गाईजात्रा भक्तपुरमा मुलुकका अन्य भागमा मनाउने भन्दा भिन्न र मौलिक शैलीमा मनाइन्छ ।

भक्तपुरमा गाईजात्रालाई आँसु र हाँसोको सङ्गमको पर्वको रुपमा लिइन्छ । शोकलाई हाँसोमा परिवर्तन गर्ने प्रतिकात्मक अर्थ र सन्देश बोकेको पर्वको रुपमा समेत गाईजात्रालाई लिने गरिन्छ । मृतकका घरबाट गाईजात्रा निकाल्दा आफन्तजनले मृतकको सम्झनामा रुनु पर्ने परम्परा एकातिर छ भने अर्कोतर्फ विभिन्न खालका हाँस्यव्यङ्ग्य र ख्यालठट्टासहितका झाँकी नगर परिक्रमा गरी भक्तपुरमा गाईजात्रा मनाइन्छ । भक्तपुरको गाईजात्रा हेर्न उपत्यकाकालगायत बनेपा, धुलिखेल र पनौतीलगायतका सहरबाट समेत हजारौंको सङ्ख्यामा दर्शक आउने गर्दछन् । भक्तपुरको गाईजात्रा विदेशमा समेत प्रख्यात छ ।

भक्तपुरमा गाईजात्राको औपचारिक सुरुआत जनै पूर्णिमाको साँझ नै गरिन्छ। जनै पूर्णिमाको साँझ गुठी संस्थानले सुकुलढोकास्थित नाट्येश्वरीको पूजा गरी निकालेको घिन्ताङघिसी नाचले नगर परिक्रमा गरेसँगै भक्तपुरमा गाईजात्रा शुरु हुने गुठी संस्थान कार्यालय भक्तपुरका प्रमुख खिमा ओलीले बताउनुभयो ।

जनैपूर्णिमाको साँझ शुरु भएपनि सर्वसाधारणले मुख्यरुपमा भाद्र शुक्ल प्रतिपदाको दिन सापारुअर्थात् गाईजात्रा मनाउने गर्दछन्। भक्तपुरमा सर्वसाधारणले मृतकको सम्झनामा गाईजात्रा निकाल्नुअघि प्रतिवदाको दिन बिहान सबेरै दरवार क्षेत्रस्थित तलेजु भवानीको र अन्त्यमा साँझ टौमढीस्थित भैरवनाथको गाईजात्रा निकाल्ने परम्परा रहेको छ । भक्तपुरको गाईजात्राको मुख्य आकर्षण घिन्ताङघिसी नाच हो भने अर्को आकर्षण मृतकको सम्झनामा नगर परिक्रमा गरिने ताहासा (तहामचा) हो । घिन्ताङघिसी नाचसँगै ताहासालाई परिक्रमा गराए मृतकलाई स्वर्गमा जाने बाटोमा भएका अप्ठ्यारो हट्ने जनविश्वास रहेको छ । घिन्ताङघिसी धिमे, भुस्या, खीं, ताय् बाजाको संयुक्त ताल र लयमा करिब एक हात लामो गोलाकार काठको लट्ठी एकापसमा जुधाएर नाचिने नाच हो । यो नाच समूहमा नाचिने भएकाले जति बढी सहभागीको सङ्ख्या हुन्छ त्यति नै मनमोहक देखिन्छ । घिन्ताङघिसीमा बच्चादेखि वृद्ध सबै सहभागी हुन्छन् । ताहासा चारवटा बाँसबाट बनाइन्छ । हरियो करिब १५ फिट लामो चारवटा बाँसलाई ठाडो पारेर आयाताकारमा बाँधी त्यसलाई कपडाले बेरेर ताहासा बनाइन्छ। ताहासाको शिरमा गाईको चित्र राखी महिला र पुरुषको सङ्केत जनाउन कपडाले बेताली बाँधिन्छ। त्यसमा परालको सिङ र सिङ माथि पलेस्वाँ लप्ते (कमलको फूलको पात), चोबो (कपाल जस्तो देखिने) मयुरको प्वाङ्ख र रङ्गीचङ्गी फुलले सजाइन्छ । टाउको दुई छेउमा सिङसँगै पतचा (रङ्गीन माथि गोलाकार तर झण्डाजस्तो देखिने) सजाइन्छ । द्यो:गाचा अष्टमातृकाको प्रतीक खास्तो राखी छाता ओढाइन्छ। ताहासाको बीचमा जामाचा लगाई लामो दुईवटा पटुका बाँधिन्छ। अगाडि पछाडि मृतकको तस्बिर, भगवानको तस्बिरसहित ऐना राखिन्छ । भक्तपुरमा कुमालेले भने मृतकको आत्माको शान्तिका लागि माटोको गाई बनाएर नगर परिक्रमा गराउने गर्छन् । कुमालेको पुख्यौली पेशा माटोका भाँडा बनाउनु हो । त्यसैले उनीहरूले आफ्नै मौलिक पुख्यौली पेसाअन्तर्गतको माटोको आकर्षक गाई बनाएर नगर परिक्रमा गराइने गरेको संस्कृतिकर्मी प्राडा पुरुषोत्तमलोचन श्रेष्ठ बताउनुहुन्छ।

गाईसँगै मृतकको स्मृति झल्काउने करुण रसप्रधान गीति लीला, रामायण र श्रीकृष्ण लीलासमेत प्रदर्शन गरिन्छ। साथै, केटाकेटीहरूलाई आकर्षक तवरले महादेव-पार्वती, कृष्ण-राधिकाको रुपमा श्रृङ्गारी बाजागाजाका साथ वासा लुइके गरेर प्रर्दशन गर्ने प्रचलन समेत रहेको छ। गाईजात्रा निकाल्नुअघि ताहासा, डोको, राधाकृष्ण, महादेव पार्वतीलगायत मृतकको प्रतीक जनाउने, गाईलगायतलाई सगुन दिन मृतकको छोरीहरू र क्रियापुत्रलाई पण्डितले पूजा सङ्कल्प गराई श्राद्धकर्मको विधिविधान पूरा गरी गौदान गराइन्छ । यो बेलामा मृतकका घरपरिवारका महिला सदस्यहरू रुने परम्परा छ। नेवार समुदायमा सगुन दिँदा रुनु भनेको मृतकप्रतिको सम्मानको रुपमा लिइन्छ । सगुन पूजा सकेपछि काँचो सानो केराउ, नासपाती, काँक्रो लगायत फलफूल र दही चिउरा टोल छरछिमेकमा बाहिर बसेकालाई बाँडिन्छ र बाँसको नोल लगाएर ताहासालाई मृतकका आफन्तले काँधमा बोकेर अगाडि पछाडि पटुका समातेर नगर परिक्रमा गराइन्छ । नगरपरिक्रमा गराउँदा ताहासामा मृतकको तस्बिरले जात्रा हेर्न आएकाहरूलाई कसको ताहासा निकालेको त्यो स्पष्ट हुने गर्दछ । नगर परिक्रमा गर्दा क्रियापुत्र, छोरीहरू र मृतकका परिवारका अन्य सदस्य हातमा धुप बालेर जाने परम्परा छ। यसरी गाईलाई परिक्रमा गराउँदा मृतकका परिवारले र स्थानीयहरूले आफ्नो गच्छेअनुसार रोटी, फलफूल, बिस्कुट, दक्षिणा, हरियो केराउ, काँक्रो, नासपाती, जुसलगायत दान दिने परम्परा छ। भक्तपुरमा मृतक महिला, पुरुष र बालबालिका को हो, त्यसको स्पष्ट सङकेत दिने गरी गाईजात्रा निकालिन्छ। मृतक बच्चा हो भने डोको, महिला हो भने रातो, नीलो कपडामा सारी र हाकुपटासीसहितको ताहासालाई नगर परिक्रमा गराइन्छ। पुरुष हो भने सेतो कपडाले बेरेको हुन्छ। त्यसैगरी गर्भवती महिलाको हो भने गाईसँगै अलि तल सानो गाई बनाएर लाने परम्परा छ। त्यसैगरी एकापरिवारको दुई सदस्यको मृत्यु भयो भने एउटै ताहासामा तल अर्को सिङ राखेर मृतकको तस्बिरसहित काखमा राखेर ल्याउने परम्परा छ।

गाईजात्राको दिन विधिवत् रुपमा गाईलाई नगर परिक्रममा गराएमा मृतात्माहरू सजिलैसित स्वर्गलोकमा पुग्छन् भन्ने धार्मिक विश्वास छ । गाईजात्राको दिन स्वर्गमा ढोका खुल्ने र मृतकका आत्माले गाईको पुच्छर समातेर वैतणी नदी पार गरी स्वर्गलोकमा पुग्छ भन्ने जनविश्वासले गाईजात्रा निकाल्ने गरिएको हो।

भक्तपुरमा स्थानीय लाकोलाछे टोलबाट भैरवनाथको र खँलाबाट नकिन्जु अजिमाको ताहासा निकालेपछि गाईजात्रा सम्पन्न गर्ने परम्परा रहेको छ। भैरवको ताहासा ल्याउँदा लाकोलाछे टोलमा वर्षदिन दिवङ्गत भएका सबैको ताहासा पनि भैरवको ताहासाँसँग लानुपर्ने चलन रहेको छ। भैरवनाथको ताहासालाई नगर परिक्रमा गराउँदा टौमढी, दरबार क्षेत्र र तचपालमा तीन/तीनपटक परिक्रमा गराइन्छ । अन्तमा भैरवनाथको ताहासा चुपिङघाटस्थित पुलमा लगेर ताहासा बिगारी पराल हनुमन्ते नदीमा सेलाउने परम्परा छ। भक्तपुरमा गाईजात्रा कृष्णाष्टमीसम्म आठ दिन नौ रात मनाइन्छ । प्रतिपदाको दिन मुख्यरुपमा र अन्य दिन साँझ विभिन्न झाँकीसहितको घिन्ताङघिसी नाच निकालेर सर्वसाधारणलाई मनोरञ्जन दिने गरिन्छ । गाईजात्राकै अवसरमा भक्तपुरमा भाद्रकृष्ण अष्टमीसम्म सहरका देवीदेवताहरू दत्तात्रय, भैरव, भीमसेन, बाराही, कृष्णको खट जात्रा गरिन्छ। भक्तपुरमा डबली डबलीहरू माक प्याखं, नागाचा प्याखं, लाखे प्याखं, देवी प्याखं, भैल प्याखं, भालुचा प्याखं, रामायण, लुसीचा प्याखं, खिचा प्याखंलगायतका नाच प्रदर्शन गर्ने प्रचलन रहेको छ। शोक र उल्लासको सङ्गमको रुपमा मनाइने गाईजात्रा पर्वलाई काठमाडौँका राजा प्रताप मल्ल, भक्तपुरका राजा जगतप्रकाश मल्ल र ललितपुरका राजा सिद्धिनरसिंह मल्लको पालादेखि बाजागाजाको संस्कार थालिएको प्राडा श्रेष्ठ बताउनुहुन्छ । उहाँका अनुसार लिच्छीकालमा रमाइलोका लागि गोरु जुधाउने परम्परा थियो । अनन्तलिङ्गेश्वरको अभिलेखमा यो युद्ध उल्लेख छ। गोरु जुधाएर रमाइलो गर्ने र मृत्यु संस्कारमा गाईजात्रा गर्ने चलन पूर्वमध्यकालमा शुरु भएको श्रेष्ठको भनाइ छ। गाईजात्रा विशेष गरी नेवार समुदायले मनाउने पर्व हो। राजा प्रताप मल्लले गाईजात्रा पर्व चलाएको किम्बदन्ती भएपनि नेवार समुदाय बाहेकले गाईजात्रा गर्ने प्रचलन रहेको पाइँदैन । मल्लकालमा नेपाल मण्डल विशेष गरी काठमाडौँ उपत्यकामा नेवार समुदायको मात्र बसोवास भएको स्थान भएकाले गाईजात्रा नेवार समुदायले मात्र मनाउने पर्वको रुपमा विकास भएको प्रा डा श्रेष्ठ बताउनुहुन्छ। नेवार समुदायमा पनि भक्तपुरको गाईजात्रा भिन्न र विशेषखालको हुनुमा तत्कालीन नेपाल मण्डलको राजधानी भक्तपुर हुनु प्रमुख कारण भएको प्राडाको भनाइ छ । किम्वदन्तीअनुसार प्रताप मल्लको छोराको मृत्युपश्चात् रानी धेरै शोकमा डुबेपछि उनलाई नगरका जनताका घरमा पनि कसै न कसैको मृत्यु भएको छ भन्ने देखाउन गाई निकाल्ने प्रचलन शुरु भएको मानिन्छ। यतिले पनि रानीको मन शान्त नभएपछि रानीको मनलाई शान्त पार्न हाँस्यव्यङ्ग्य, ख्यालठट्टासमेत प्रदर्शन गर्न राजाले आदेश दिएबमोजिम गाईजात्राको अवसरमा हाँस्यव्यङ्ग्यसमेत प्रदर्शन गरिन्छ। प्रा डा श्रेष्ठ भने राजा जयस्थिति मल्लभन्दा पहिल्यै भक्तपुरमा गाईजात्रा मनाउँदै आएको दाबी गर्नुहुन्छ । राजा जयस्थिति मल्लले सम्पादन गरेको गोपालवंशालीमा साँ:यात भन्ने उल्लेख भएको प्रमाण प्रस्तुत गर्दै लिच्छवीकालको अभिलेखमा गौ युद्ध उत्सव भनी लेखिएको पाइएकाले लिच्छवीकालमा पनि गाईजात्रा मनाइन्छ भन्ने मान्न सकिने उहाँको भनाइ रहेको छ । उहाँले विक्रमको १४ औं शताव्दी भन्दा अगाडि लिच्छवीकालको अन्त्यतिर गाईजात्रा पर्व सुरु भएको मान्न सकिने आधारहरू भएको बताउनुभयो । त्यसैगरी भक्तपुरमा तान्त्रिक विधिले गर्ने भएकाले यहाँको गाईजात्रा अन्य स्थानको भन्दा भिन्न र मौलिक शैलीको भएको अर्का संस्कृतिकर्मी हरिशरण राजोपाध्यायले बताउनुभयो । “भक्तपुर तन्त्र विद्यायुक्त सहर हो । यहाँका हरेक सांस्कृतिक परम्पराहरू तान्तिक विधिपूर्वक मनाइन्छ”, उहाँले भन्नुभयो, “भक्तपुरमा प्रत्येक पाइलापाइलामा तान्त्रिक शक्ति छ, त्यही शक्तिको आधारमा यहाँ गाईजात्रा मनाइन्छ ।” भक्तपुर नगर तन्त्रको आधारमा स्थापित भएको र त्यही आधारलाई मानेर यहाँ मृतकको नाममा ताहासा, दोसाँ, महादेव पार्वती, वासा लाकेगुलगायत गरी नगर परिक्रमा गराइने परम्परा रहेको राजोपाध्यायले बताउनुभयो । गाईजात्रा सबै ठाउँमा मृतकको शान्तिका लागि मनाए पनि अन्य स्थानमा तान्त्रिक शक्ति नभएको राजोपाध्यायले बताउनुभयो। “पाटनमा दश महाविद्या तन्त्र भएर पनि त्यसअनुसारको जात्रा मनाइँदैन । सामाजिक विकासको क्रममा काठमाडौँ पाटनमा त्यो विस्थापित हुँदै गएकाले यहाँको जस्तो नमनाइएको हो”, उहाँले भन्नुभयो।

# म्याग्दीको रिखारमा यस वर्षदेखि नियमित पूजा

पोखरापत्र संवाददाता
म्याग्दी, २७ साउन

जनैपूर्णिमाका दिन म्याग्दीको रिखार क्षेत्रमा सप्तऋषिको विशेष पूजाआजासहित मेला लाग्ने लागेको छ । हिन्दूहरूको धार्मिक ग्रन्थ श्रीमद्भागवतका अनुसार सप्तऋषिले तपस्या गरी ज्ञान हासिल गरेको पवित्र तीर्थस्थलका रुपमा चिनिँदै आएको रिखार क्षेत्रमा जनै पूर्णिमाको दिन विशेष पूजासहित मेला आयोजना गरिएको हो ।

दुई वर्षसम्म कोभिड-१९ को सङ्क्रमणका कारण पूजा रोकिएकामा यस वर्ष स्वास्थ्य मापदण्डको पालना गरी क्षमा पूजासहित मेला आयोजना गरिएको हो । धर्तीको स्वर्ग र हिमाली देवताको बासस्थान भनेर चिनिने पवित्र रिखार क्षेत्र रघुगङ्गा गाउँपालिका-८ कुँइनेमङ्गलेमा पर्दछ । यो क्षेत्र धार्मिक तथा प्राकृतिक सौन्दर्यले युक्त छ।

हिन्दू धार्मिक ग्रन्थमा उल्लेख भएअनुसार वैदिक समाजका आरम्भकर्ता सप्तऋषीलाई मानिन्छ । मत्स्य पुराणका अनुसार संसार प्रलय भई जलमय हुँदा महाराज सत्यव्रत र अरुन्धतीसहित सप्तऋषि डुङ्गामा चढी सुरक्षितस्थलको खोजीमा समुद्रमा घुम्दै गर्दा लगातार उत्तरतर्फ डुङ्गा खियाउँदै जाँदा उनीहरूले उत्तरापन्थमा धौलागिरि पर्वतलाई समुद्रका बीचमा माथि उठेको देखेको र आफ्नो डुङ्गालाई त्यतैतिर अघि बढाई यहाँ आएर तपस्या गरेको उल्लेख छ।

पुराणमा उल्लेख भएअनुसार पुलहाश्रमअन्तर्गतका चार धाममध्ये एक धाम मानिने ऋषिराश्रम धामको पूर्वमा गलेश्वरधाम, पश्चिममा मानसरोवरधाम, दक्षिणमा जगन्नाथ धाम र उत्तरमा मुक्तिनाथ धाम छन् । वाल्मीकि गुफा, अरुन्धती गुफा र सप्तऋषि गुफा यस क्षेत्रमा छन् । डुङ्गा आकारको ढुङ्गा र गुफाले मत्स्यपुराण र श्रीमद्भागवत् महापुराणका दृष्टान्तलाई सत्य प्रमाणित गरिदिएको पण्डित भीमनाथ पराजुलीले बताउनुभयो । सप्तऋषिको तपोभूमिसमेत रहेको रिखार क्षेत्र हिन्दू धर्मावलम्बीको आस्थाको धरोहर मानिन्छ।

हिन्दूका विभिन्न धार्मिक ग्रन्थमा रिखार क्षेत्रका बारेमा वर्णन गरिएको भए पनि यस क्षेत्रको प्रचारप्रसार हुन नसकेको पण्डित नीलकण्ठ आचार्यले बताउनुभयो । सप्तऋषिले तपस्या गरेको यस क्षेत्रमा हरेक वर्ष विशेष पूजाआजासहित मेला लाग्छ। यस वर्ष सावधानी अपनाएर पूजालाई निरन्तरता दिइएको रिखार युवा क्लबका संरक्षक अङ्कीत पुनले बताउनुभयो। रिखार क्षेत्र समुद्री सतहदेखि चार हजार छ सय मिटरको उचाइमा अवस्थित छ। यहाँ पुग्ने हरेक भक्तजन र पर्यटक यहाँको प्राकृतिक छटा देखेर लोभिने गर्दछन्। पछिल्लो समय कुँइनेमङ्गले नजिक सवारी साधन पुगेपछि यस वर्ष यहाँ उल्लेख्य भक्तजन आएका क्लवका संरक्षक पुनले बताउनुभयो।

# सन्तानब्बे वर्षीय थापा दम्पतीको घरमै पुगेर स्वास्थ्य परीक्षण

पोखरापत्र संवाददाता
म्याग्दी, २७ साउन

‘दुःख र पीडामा मान्छे कसरी हाँसीहाँसी बाँच्न सक्दो रहेछ’ भन्ने उदाहरण बनेका म्याग्दीको बेनी नगरपालिका वडा नं २ बगरफाँटका ९७ वर्षीय खड्गबहादुर थापा दम्पतीप्रति स्थानीय निकाय र आफन्तले चासो बढाएका छन् ।

बुधबार राससमा प्रकाशित ‘फरासिला बाजेको निरसिलो कथा : रोगले छोएन, दुःखले छोडेन’ शीर्षकको समाचार विभिन्न सञ्चारमाध्यममा प्रकाशन/प्रसारण भएपछि बिहीबार बिहान वडा कार्यालयले थापाको घरमा नै स्वास्थ्यकर्मी पठाएर स्वास्थ्य जाँच गर्नुका साथै आवश्यक औषधि प्रदान गरेको छ।

स्वास्थ्यकर्मी खगराज निउरेले थापाको प्रेसर, धड्कन, तापक्रम, अक्सिजन आदिको जाँच गर्दै सबै अवस्था ठिक रहेको र आँखामा सामान्य इन्फेक्सन मात्र देखिएको बताउनुभयो । स्वास्थ्य जाँचपछि थापाले आफ्ना लागि अभिभावक र सन्तान दुवै सरकार नै भएको जनाउँदै सरकारले घरघरमा नै पुगेर औषधि उपचार र ज्येष्ठ नागरिक सुरक्षाभत्ता दिन थालेपछि आफूलाई जिउन निकै सजिलो भएको जनाउनुभयो।

देशविदेशमा रहेका उहाँका आफन्तहरुले पनि उहाँलाई कुनै कुराको कमी हुन नदिने र आवश्यक चिज उपलब्ध गराउने बताउनुभएको छ । बिहीबार बिहान रासससहितका पत्रकार र स्वास्थ्यकर्मी थापाको घरमा पुग्दा थापाका दाइका छोरा दुर्गाबहादुर थापाले उहाँलाई आफ्नो घरमा आफैँसँग बस्न आग्रह गर्नुभएको थियो। श्रीमती खिरकुमारीसँग दाजुभाइको सामान्य छाप्रोमा बस्दै आउनुभएका थापा दम्पतीलाई स्याहारसुसार गर्ने आफ्नै सन्तान छैनन् । दाजुभाइका छोराहरुले समयसमयमा आवश्यक सोधपुछ गर्ने र परिआएको खण्डमा हेरविचार गर्ने गर्दछन्।

सम्पत्तिका नाममा थापाको न बास छ, न खाने गाँस (अन्न)। आफ्नै भाइको गोठमा बुढेसकालका दिन गनिरहेका थापा दम्पतीका सन्तान विवाह भएर गएकी एकमात्र छोरी छन्, ती पनि नबोल्ने (अपाङ्गता भएकी) छन् । बिरामी हुँदा र साह्रोगाह्रो पर्दा दाजुभाइका छोराहरू दुर्गाबहादुर र हीराबहादुरले हेर्ने गर्नुहुन्छ। बिरामी परेर अहिलेसम्म उपचारमा रकम खर्च गर्न नपरेका थापा दम्पतीले ज्येष्ठ नागरिक सुरक्षा कार्यक्रमअन्तर्गतको सामाजिक सुरक्षाभत्ताबाट नै आफ्नो आवश्यक चिज जुटाउँदै आउनुभएको छ।

“खान र लगाउनका लागि सरकारले पैसा दिन्छ, बिरामी पर्दा घरमा नै आएर उपचार गरिदिन थाल्यो, सरकारलाई धेरै धन्यवाद छ”, थापाले भन्नुभयो। ज्येष्ठ नागरिक समाजका सम्पत्ति भएका र उनीहरुको ज्ञान, अनुभव र जीवन भोगाइका घटनाले अहिलेको पुस्ता र भावी सन्ततिलाई मार्गनिर्देश गर्ने भएकाले ससम्मान आवश्यक सहयोग गर्ने बेनी नगरपालिका-२ का वडाध्यक्ष यामबहादुर कार्कीले बताउनुभयो।

बेनी नगरपालिकाले मङ्गलबारदेखि ७० वर्षभन्दामाथिका ज्येष्ट नागरिकको घरमा नै पुगेर स्वास्थ्य जाँच गराउने अभियान सुरु गरेपछि थापा जस्तै कैयौँ ज्येष्ठ नागरिकले घरमै स्वास्थ्य अवस्थाका बारेमा जानकारी प्राप्त गर्न पाएका छन्। विशेषगरी नसर्ने र नदेखिने रोगबाट ग्रस्त ज्येष्ठ नागरिकलाई यो अभियानले फाइदा पुग्ने स्वास्थ्यकर्मीको भनाइ छ।

# बेनी-दरवाङ सडक एक हप्तापछि सञ्चालन

रासस
म्याग्दी, २७ साउन

म्याग्दीको तीन स्थानीय तहलाई जिल्ला सदरमुकामसँग जोड्ने बेनी-दरवाङ सडकमा एक हप्तापछि सिधा यातायात सञ्चालन भएको छ।

मङ्गला र मालिका गाउँपालिकाको सिमानामा रहेको दुखु खोलाको सडक पुल, पिल्लर र पहुँचमार्ग संरक्षणका लागि निर्माण गरिएको ग्यावीयन पर्खाल बगाएर जोखिम बनाएपछि साउन २० गतेदेखि पुलमा आवतजावत बन्द गरिएको थियो। मालिका गाउँपालिका-६ का वडाध्यक्ष पथबहादुर रोकाले ग्यावीयन पर्खाल निर्माण गरेर मर्मत र पुल संरक्षण भएपछि शुक्रबारदेखि पुलमा यातायात सञ्चालन गरिएको जानकारी दिनुभयो । “एक हप्ता लगाएर पुल मर्मत गरेपछि सवारीसाधन सञ्चालन हुन थालेको छ”, उहाँले भन्नुभयो, “पुल मर्मत भएपछि २४ किलोमिटर दुरीको बेनी-दरवाङ सडकमा यातायात सञ्चालन भएको छ।”

२५ मेगावाट क्षमताको दरवाङ म्याग्दी खोला जलविद्युत् आयोजनाले ३७ थान र मालिका गाउँपालिकाले २५ थान ग्यावीन जाली भरेका छन्। गाउँपालिकाले मजदुर परिचालन गरेर ६२ थान ग्यावीयनमा ढुङ्गा भरेर सडक मर्मत गरेको हो । पुलको मालिकातर्फको पिल्लरभन्दा गहिरो गरेर खोला बग्नुका साथै पहुँचमार्ग साँघुरिएर सवारी साधन आवतजावत बन्द भएको थियो। पुल मर्मत र सञ्चालन भएपछि स्थानीयवासीलाई आवतजावत, ढुवानी र निकासीमा सहज भएको छ । बेनी-दरवाङ मङ्गला, मालिका र धवलागिरि गाउँपालिकालाई सदरमुकाम बेनीसँग जोड्ने सडक हो। पूर्वाधार विकास कार्यालयले विसं २०७६ मा दुखुखोलामा रु दुई करोड २५ लाख ६० हजार आठ सय २३ को लागतमा २२ मिटर लामो पुल निर्माण गरेको थियो।

पूर्वाधार विकास कार्यालय म्याग्दीका प्रमुख गुरुदत्त अधिकारीले जोखिम भएकाले दुखु खोलाको पुलको बारेमा मन्त्रालयबाट आएको विज्ञ टोलीले अध्ययन गरेको बताउनुभयो । पुल तल दुखु खोलाको बाढीले मङ्गला गाउँपालिका-२ सहश्रधाराको बस्तीतर्फ कटान गर्न थालेको छ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : मानसिक तनाब | तुला | : मन चञ्चल |
| वृष | : शारीरिक झमेला | वृश्चिक | : सहयोग मिल्नेछ |
| मिथुन | : ब्यापारमा लाभ | धनु | : सत्कार मिल्नेछ |
| कर्कट | : शत्रुको भय | मकर | : सम्मान मिल्नेछ |
| सिंह | : झमेला बढ्ने | कुम्भ | : अप्रत्यसित लाभ |
| कन्या | : कार्यमा सफलता | मीन | : आर्थिक समस्या |

हरिसिद्धि भविश्यवाणी केन्द्र
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# तनहुँमा सामूहिक रक्षाबन्धन

पोखरापत्र संवाददाता
तनहुँ, २७ साउन

ब्राह्मण समाज नेपाल तनहुँद्वारा दमौलीमा आयोजित सामूहिक रक्षाबन्धन कार्यक्रममा तीन सय १५ जनाले रक्षाबन्धन गरेका छन् ।

कार्यक्रमको शुभारम्भ गर्दै गण्डकी प्रदेशका आन्तरिक मामिलामन्त्री डोबाटे विश्वकर्माले सामूहिक रक्षाबन्धन कार्यले समाजका रहेको जातिय विभेद न्यूनीकरणमा सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो । सो समाजले गत वर्षदेखि सामूहिक रक्षाबन्धन कार्य गर्दै आएको छ । समाजका जिल्ला अध्यक्ष कृष्णचन्द्र पाण्डेले सार्वजनिकस्थलमा आयोजना गरिएको सामूहिक रक्षाबन्धन कार्यक्रमले सबैलाई सहज भएको बताउनुभयो । “कोही खाली हात बस्नुपर्ने अवस्था हुँदैन”, उहाँले भन्नुभयो, “सामूहिक रक्षाबन्धनले सबै जातजातिबीच एकापसमा सद्भाव राख्न सहयोग पुग्ने विश्वासले यस अभियान थालेको हौं ।” समाजका केन्द्रीय सदस्य उपेन्द्र लम्सालले यस वर्ष कार्यक्रम आयोजना गर्न सबै क्षेत्रबाट सहयोग मिलेको बताउनुभयो ।

# वारागुङ मुक्तिक्षेत्रमा भदौबाटै काम

**रासस**
**बलेवा, २७ साउन**

मुस्ताङको वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाले असारे विकास अन्त्य गर्न आर्थिक वर्षको सुरुआतदेखि बजेट कार्यान्वयनको प्रयास थालेको छ । आगामी कात्तिकको अन्तसम्ममा चालु आर्थिक वर्षका लागि विनियोजित बजेटमध्ये आधा योजनाको काम सक्नेगरी गाउँपालिकाले तयारी थालेको हो ।

आर्थिक वर्षको सुरुआतमा अख्तियारीमा ढिलाइ हुने र हिउँदको समयमा काम गर्न नसकिने भएकाले साउनदेखिनै योजनाका काम सुरु गर्न थालिएको हो । मुस्ताङमा अत्याधिक चिसोका कारण मङ्सिरदेखि वैशाखसम्म काम गर्न कठिन हुनेगर्छ । हिउँदको चिसो छलेर काम गर्दा वर्षभरिमा तीन महिना मात्रै विकास निर्माणका काम हुने परिपाटीको अन्त्य गर्न साउनदेखि कात्तिकसम्ममा विकास निर्माणका काम गर्ने योजना तयार भएको गाउँपालिका अध्यक्ष रिङजीन नामगेल गुरुङले बताउनुभयो । गाउँपालिकाको हालै सम्पन्न कार्यपालिका बैठकले उपभोक्ता समिति गठनदेखि योजना फरफारकसम्मको कार्यसूची नै तयार गरेको छ ।

यही साउन मसान्तसम्म उपभोक्ता समिति गठन गरिसक्ने, अगामी भदौको १ गतेखि १५ गतेसम्म योजना सम्झौता, 'स्टमेट' गर्ने यसका लागि वडातहमा शिविर सञ्चालन गर्ने र भदौ १५ देखि कात्तिकको अन्तसम्म विनियोजित योजनामध्ये ४० प्रतिशत योजनाको काम सक्ने उहाँले बताउनुभयो । "अहिले भर्खर आर्थिक वर्ष सकिएको छ भनेर बस्ने, बीचमा चार्डवाडले समय जान्छ, हिउँदमा काम गर्नसक्ने कुरै भएन्", अध्यक्ष गुरुङ भन्नुभयो "वैशाखबाट काम थालेर बढीमा दुई महिनामा के काम हुन्छ ।" समयमा काम थाल्दा कामको गुणस्तरमा सुधार हुने र अनियमितता घटाउनसमेत सहयोग पुग्ने उहाँको भनाइ छ । रु दश लाखदेखि बीस लाखसम्मका योजना असोजसम्म सक्ने लक्ष्य गाउँपालिकाको छ ।

ठूला योजनाका लागि समय लाग्ने भएकाले कामको सुरुआत गरेर वैशाखपछि सक्नेगरी तयारी गर्न गाउँपालिकाले भनेको छ । "चिसोको समयमा काम गरौं भने पूर्वाधारका काम हुँदैनन्, सिमेन्ट सेट नहुने, मजदूरले कामै गर्न नसक्ने समस्या आउँछन्", उहाँले भन्नुभयो "हामीले हार्डवयरका काम समय मिलाएरै गर्नुपर्ने बाध्यता छ, यो हाम्रो भौगोलिक बाध्यता पनि हो ।"

गाउँपालिकाले उपभोक्ता समितिमार्फत् हुने कामका लागि हिउँदको समयमा उपभोक्ता पाउनै कठिन छ । यो समस्या मुस्ताङका सबै पालिकामा छ । साना योजनाका लागि तत्काल काम थाल्न गाउँपालिकाले कूल विनियोजन रकमको २० प्रतिशतसम्म पेश्की उपलब्ध गराउने निर्णय गरेको प्रमुख प्रशासकीय अधिकृत जीतबहादुर रानाले जानकारी दिनुभयो । गत आर्थिक वर्षमा गाउँपालिकास्तरीय १५० भन्दा कम योजना रहेकोमा असारमा मात्रै अधिकांश योजना सम्झौता भएका थिए ।



म्याग्दीको अन्नपूर्ण गाउँपालिका-५ खयरलेकमा अवस्थित प्रसिद्ध धार्मिकस्थल खयर भारनीमा जनै पूर्णिमाको अवसरमा शुक्रवार पूजा अर्चना र भाकलका लागि पुगेका भक्तजनहरु । ताल र ताल परिसरको खयर भारनी माताको थानमा पूजा गरेमा मनोकांक्षा पुरा हुने जनविश्वास रहेको छ । तस्वीरः कमल खत्री/रासस

# मनाइयो ऋषितर्पणी, रक्षाबन्धन र जनैपूर्णिमा पर्व

**रासस**
**काठमाडौं, २७ साउन**

श्रावण शुक्ल पूर्णिमाका दिनमा मनाइने ऋषितर्पणी, रक्षाबन्धन एवं जनैपूर्णिमा पर्व आज स्नान गरी नयाँ यज्ञोपवीत-जनै) धारणसहित डोरो बाँधेर मनाइएको छ ।

श्रावण महिनामा गरिने स्नान भएकाले यो पर्वलाई 'श्रावणी' स्नान पनि भनिन्छ । सत्ययुगमा दानवद्वारा लखेटिएका देवगणलाई गुरु वृहस्पतिले रक्षा विधान तयार गरी जेले गर्दा अत्यन्त बलशाली दानवराज बली बाँधिए, त्यसैले म तिमीलाई बाँध्छु, यसले तिमी सुरक्षित बन, विचलित नहोऊ भनी डोरो बाँधेर जोगाएका थिए भन्ने पौराणिक मान्यताका आधारमा यो पर्व मनाउन सुरु गरिएको हो ।

यसैकारण रक्षाबन्धन गर्ने बेलामा गुरु पुरोहितले 'येन बद्धो बलिराजा दानवेन्द्रो महाबल तेन त्वां प्रतिबध्नामि रक्षेमा चलमाचल' भनी रक्षासूत्र, रक्षाबन्धन अथवा डोरो बाँध्ने वैदिक परम्परा रहेको धर्मशास्त्रविद् एवं नेपाल पञ्चाङ्ग निर्णायक समितिका पूर्वध्यक्ष प्रा डा रामचन्द्र गौतमले बताउनुभयो ।

मानव रक्षाका लागि जप, तप र पूजा गरी मन्त्रिएको रक्षाबन्धन अर्थात् डोरो वैदिक मन्त्रोच्चारण गर्दै ब्राह्मण पुरोहितले यजमानको नाडीमा बाँधिदिएका छन् ।



स्नानपछि जौ, तिल र कुशद्वारा ऋषिलाई तर्पण गरी वैदिक रुद्राभिषेक पद्धतिबाट मन्त्रिएको नयाँ जनै (यज्ञोपवीत) फेरिएको छ । आजको दिन सप्तऋषिहरु काश्यप, अत्रि, भारद्वाज, गौतम, जमदग्नि, वशिष्ठ र विश्वमित्रलाई तर्पण दिने गरिन्छ । ऋषिलाई तर्पण गर्ने भएकाले आजको दिनलाई ऋषितर्पणी पनि भन्ने गरिएको हो । आजै मन्त्रिएको जनै फेर्ने गरिएकाले नै श्रावण शुक्ल पूर्णिमालाई जनैपूर्णिमा पनि भनिन्छ । वैदिक गुरु परम्पराअनुसार यज्ञोपवीत अर्थात् जनैलाई ब्रह्मसूत्र अथवा ज्ञानको धागोका रुपमा मानिन्छ । जनैका दुई शिखामध्ये एउटा शिखामा रहने तीन डोरालाई ब्रह्मा, विष्णु र महेश्वरको प्रतीकका रुपमा पुजिन्छ । अर्को डोराको तीनवटा शिखालाई भने कर्म, उपासना र ज्ञानको त्रियोगका रुपमा लिइन्छ ।

आजका दिन एघार थरिका गेडागुडी मिसाई भिजाएर टुसा उमारी क्वाँटी बनाएर खाने गरिन्छ । यसरी क्वाँटी बनाई खानाले शरीरमा रोग नलाग्ने, पेट सफा हुने र वर्षायामभर खेतीपातीको काम गर्दा शरीरमा लागेको चिसो निकाली भित्रदेखि नै तापको सञ्चार गर्छ भन्ने धार्मिक मान्यता छ । नेपालको तराईक्षेत्रमा भने आजकै दिन दिदी बहिनीले दाजुभाईलाई राखी बाँधेर मनाइएको छ । यसबाट दिदीबहिनी र दाजुभाईकाबीचमा प्रेमसम्बन्ध बढ्छ भन्ने सामाजिक मान्यता छ ।

यसअवसरमा आज काठमाडौंको पशुपति, गोकर्णेश्वर, डोलेश्वर, सन्तानेश्वरलगायत शिवालय, उपत्यकाको उत्तर पूर्वी भेगस्थित मणिचूड, रसुवाको गोसाइँकुण्ड, ललितपुरको कुम्भेश्वर, सिन्धुपाल्चोकको पाँचपोखरी, धनुषाको जनकपुरधाम, धनुषसागर र गङ्गासागर, जुम्लाको दानसाधु एवं नवलपरासीको त्रिवेणीधामलगायतका ताल, पोखरी र कुण्डमा मेला लागेको छ । नेवारी समुदायले भने श्रावण शुक्ल पूर्णिमालाई गुन्हु पुन्ही भनी मनाएका छन् । विशेषगरी क्वाँटी खाने परम्परा नेवारी समुदायको यसै पर्वबाट आएको हो भन्ने तर्क पनि एकथरी संस्कृतिविद्को छ । आजका दिन नेवारी समुदायका मानिसले घण्टाकर्ण राक्षसलाई समाप्त पार्न योगदान गरी मानवीयतालाई बचाउन सहयोग गरेको विश्वासमा भ्यागुतालाई पूजा गरेका छन् ।

बौद्ध दर्शनलाई अँगाल्ने बौद्ध धर्माबलम्वीले भने आजको दिनलाई भगवान् गौतम बुद्धले कामशक्तिमाथि विजय प्राप्त गरेको सम्झनाको दिनका रुपमा मनाउने गर्दछन् । बौद्ध धर्मग्रन्थ ललित बिस्तरमा यससम्बन्धी विस्तृतरुपमा व्याख्या गरिएको छ । यसैकारण आज स्वयम्भूमा पनि विशेष मेला लागेको छ ।

# विश्व संस्कृत दिवसमा प्रा डा दीर्घराज घिमिरेलाई 'संस्कृत विशेष सम्मान'

**रासस**
**काठमाडौं, २७ साउन**

पाँचौं विश्व संस्कृत दिवसको अवसरमा संस्कृत भाषाको क्षेत्रमा विशेष योगदान गर्नुभएका नेपाल संस्कृत विश्वविद्यालयका प्राडा दीर्घराज घिमिरेलाई 'संस्कृत विशेष सम्मान' प्रदान गरिएको छ ।

दिवसका अवसरमा आज वाल्मीकि विद्यापीठमा आयोजित कार्यक्रममा नेपाल संस्कृत विश्वविद्यालयका पूर्वउपकुलपति आचार्य पूर्णचन्द्र ढुङ्गेलले सम्मानपत्र तथा दोसल्ला ओढाएर उहाँलाई सम्मान गर्नुभएको हो ।

कार्यक्रममा ढुङ्गेलले विश्व संस्कृत दिवस जस्तो कार्यक्रम निरन्तर आयोजना हुनु सुखद् भएको बताउँदै यसले लिएको उद्देश्य प्राप्ति हुने विश्वास व्यक्त गर्नुभयो । पाँचौ विश्व संस्कृत दिवसको अवसरमा 'संस्कृत विशेष सम्मान'बाट सम्मानित व्यक्तित्व प्राडा घिमिरेले मिमांसा दर्शनमा धर्मको स्वरूपको विषयमा प्रवचन दिनुभयो ।

कार्यक्रममा त्रिभुवन विश्वविद्यालय, संस्कृत केन्द्रीय विभागका उपप्राध्यापक रोहिणीराज तिमिल्सिनालाई रु एक लाख राशिको 'आरुणि संस्कृत शोधवृत्ति' पनि प्रदान गरिएको छ । कार्यक्रमका सभापति तथा विश्व संस्कृत दिवसका सङ्कल्पकर्ता डा निर्मलमणि अधिकारी तथा युगनिर्माण महिला समाज नेपालका उपाध्यक्ष चाँदनी विकले संयुक्तरूपमा रु एक लाखको चेक हस्तान्तरण गर्दै शोधवृत्ति प्रदान गरिएको हो । दिवसकै अवसर पारेर शोधवृत्ति प्राप्त गर्नुभएका तिमिल्सिनाद्वारा संस्कृत भाषामा अनुवाद एवं सम्पादन गरिएको पुस्तक 'राज्यराष्ट्रम्' को लोकार्पण पनि गरिएको थियो । पुस्तकका मूल लेखक डा निर्मलमणि अधिकारी, डा गोविन्दशरण उपाध्याय र सुशील गौतम हुनुहुन्छ । कार्यक्रममा अधिकारीले प्रत्येक वर्ष तिथिअनुसार श्रावण शुक्ल पूर्णिमा अर्थात् ऋषितर्पणीका अवसरमा विश्व संस्कृत दिवस भनेर नेपालमा औपचारिक मान्यताको निर्णय गर्न र यसलाई वैश्विक मान्यताका लागि संयुक्त राष्ट्रसङ्घ समक्ष पनि पेश गर्न सरकारसँग माग गर्नुभयो ।

दिवस कार्यपरिषद् संयोजक सह प्रा डा माधवप्रसाद पाण्डेयले अधिकारीको अगुवाईमा प्रतिष्ठानले दिवस मनाउन आह्वान गरेको बताउँदै संस्थाले भविष्यमा पनि संस्कृत भाषालाई प्रवर्द्धन गर्ने विभिन्न कामलाई निरन्तरता दिने प्रतिबद्धता व्यक्त गर्नुभयो । कार्यक्रममा सनातन धर्म महासङ्घका अध्यक्ष डा माधवप्रसाद लामिछाने, वाल्मीकि विद्यापीठका प्राचार्य प्रा डा भागवत ढकाल, जयतु संस्कृतम्का महासचिव डा नवराज कट्टेल, काठमाडौं विश्वविद्यालय भाषा तथा आमसञ्चार विभाग डा रामचन्द्र पौडेल, त्रिभुवन विश्वविद्यालय त्रिचन्द्र कलेज दर्शन शास्त्र विभागका डा गोविन्दशरण उपाध्याय, इन्टर नेसनल फेडेरेसन अफ सनातन धर्मका प्रा डा अजय रिसाल, सहृदयता समाज नेपालका अध्यक्ष आचार्य तिलकप्रसाद लुईंटेल, प्रा डा जीवन अधिकारी, वाल्मीकि विद्यापीठका उपप्राध्यापक माधवप्रसाद घिमिरे, हिमवत् आर्ष प्रज्ञाका अध्यक्ष कल्पना सेवानी घिमिरे, डा मुकुन्दप्रसाद लामिछने, संस्कृत केन्द्रीय विभागका गोविन्द घिमिरे (आकाशनीलम्), श्यामकृष्ण सुवेदी, जरो किलो प्रतिष्ठान नेपालका अध्यक्ष बलराम प्रजापतिले पनि संस्कृत भाषाको संरक्षण र प्रवर्द्धनका लागि सरकारले नै ठोस कमद अघि बढाउनुपर्नेमा जोड दिनुभएको थियो । दिवसको मूल समारोहको आयोजनामा नेपालबाट नेपाल संस्कृत विश्वविद्यालयको वाल्मीकि विद्यापीठ, त्रिभुवन विश्वविद्यालयको संस्कृत केन्द्रीय विभाग, काठमाडौं विश्वविद्यालयको भाषा तथा आमसञ्चार विभाग, जरो किलो प्रतिष्ठान नेपाल, जयतु संस्कृतम् संस्थाको सहकार्य रहेको छ ।

# मनसुनी वर्षा:अहिलेसम्म कहाँ कति पानी पऱ्यो ?

**रासस**
**काठमाडौं, २७ साउन**

जल तथा मौसम विज्ञान विभागले यस वर्षको मनसुन अवधिमा सरदरभन्दा बढी मनसुनी वर्षा हुने प्रक्षेपण गरेको छ ।

विभागको तथ्याङ्कअनुसार देशका अधिकांश स्थानमा हालसम्म सरदर वर्षा भएको छ । यो वर्ष जेठ १८ देखि साउन २६ (जुन १ देखि अगष्ट ११)सम्म जम्मा आठ सय ५८ दशमलव पाँच मिलिमिटर वर्षा भएको छ ।

विभागअन्तर्गतको हावापानी विश्लेषण शाखाका अनुसार कूल ७७ वटा केन्द्रको तथ्याङ्कमा सोही अवधिको सरदर वर्षा आठ सय ६८ दशमलव सात मिलिमिटर भएको छ । जसअनुसार साउन २६ सम्म सरदरको ९८ दशमलव नौ प्रतिशत वर्षा भएको हो । यो वर्ष सरदरभन्दा बढी मनसुनी वर्षा हुने हावापानी शाखाले आकलन गरेको छ । सरदर भन्नाले सन् १९९१ देखि २०२० सम्मको जुन १ देखि अगष्ट ११ सम्मको जम्मा वर्षाको वार्षिक औसत जनाउँदछ । हावापानी शाखाका मौसमविद् सुदर्शन हुमागाईंले मनसुन सुरु भएयता हालसम्म आठ सय ३५ दशमलव तीन मिलिमिटर अर्थात ५६ दशमलव सात प्रतिशत वर्षा भएको जानकारी दिनुभयो । यो वर्षको मनसुनको औसत सरदर वर्षा एक हजार चार सय ६२ मिलिमिटर हुने प्रक्षेपण गरिएको छ । उहाँले अझै दुई महिना वर्षा हुने भएकाले बढी वर्षा हुने आकलन गरिएको बताउनुभयो । प्रदेश नं १ र बागमती प्रदेशका साथै गण्डकी र सुदूरपश्चिम प्रदेशका धेरैजसो भू-भागमा सरदरभन्दा बढी वर्षा भएको छ । मधेश प्रदेश र लुम्बिनी प्रदेशका धेरैजसो भू-भागमा सरदरभन्दा कम वर्षा भएको छ । नेपालमा यो वर्ष गत जेठ २२ गतेदेखि मनसुन प्रवेश गरेको थियो । जुनदेखि सेप्टेम्बरसम्म चार महिनाको अवधिलाई दक्षिण एशियाली क्षेत्रमा मनसुनको अवधि मानिन्छ । नेपालमा पूर्वीभेग भएर मनसुन भित्रिने गर्दछ । मनसुन अवधिमा एक हजार पाँच सय मिलिमिटर हाराहारी वर्षा हुने जनाइन्छ ।

मौसम पूर्वानुमान महाशाखाका मौसमविद् बिनु महर्जनले जारी मनसुनमा विशेषगरी देशका पहाडी भेगमा बढी वर्षा भएको तथा तुलनात्मकरूपमा तराई क्षेत्रमा कम वर्षा भएको बताउनुभयो ।

महाशाखाको पछिल्लो विवरणमा हाल मनसुन न्यून चापीय रेखा नेपालको तराई पूर्वतर्फ सरदर स्थानको आसपास तथा पश्चिमतर्फ सरदर स्थानभन्दा दक्षिणमा अवस्थित रहेको छ ।

हाल देशभर आंशिकदेखि सामान्य बदली रहेको छ । देशका थोरै स्थानमा मेघ/गर्जन/चट्याङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको छ । राति देशका पहाडी भू-भागमा आंशिकदेखि सामान्य बदली र बाँकी भू-भागमा आंशिक बदली रहनेछ । देशको पहाडी भू-भागका थोरै स्थानमा मेघ/गर्जन/चट्याङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको छ ।

भोलि आइतबार र सोमबार मौसम बदली भई देशका धेरेजसो स्थानमा मेघ/गर्जन/चट्याङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको मौसमविद् महर्जनले जानकारी दिनुभयो । आज काठमाडौंको अधिकतम ३० दशमलव पाँच र न्यूनतम तापक्रम २० डिग्री सेल्सियस रहेको छ । वीरेन्द्रनगरमा १४ र पोखरामा १० मिलिमिटर वर्षा भएको छ । राजधानी काठमाडौंमा गए रातिदेखि वर्षा भएकाले छैन । बिहान मौसम खुले पनि अहिले उपत्यकाको आकाश आंशिक बदली रहेको छ ।

# अध्यक्ष तिमिल्सेनाद्वारा आफ्नो सेवा सुविधा विद्यालयलाई

**पोखरापत्र संवाददाता**
**गोरखा, २७ साउन**

गोरखाको गण्डकी गाउँपालिकाका अध्यक्ष दीपक तिमिल्सेनाले गाउँपालिकाद्वारा आफूले प्राप्त गरेको सेवासुविधा विद्यालयलाई प्रदान गर्नुभएको छ । उहाँले आफ्नो पहिलो महिनाको ३६ हजार दुई रुपैयाँ पाँदेलटार स्थित ज्ञानमार्ग माध्यमिक विद्यालयलाई उपलब्ध गराउनुभएको हो ।

"मैले निर्वाचनको बेला गाउँपालिकाभित्र शिक्षालाई प्रथामिकता दिन्छु भनेको थिए", उहाँले भन्नुभयो, "यसैले विजयी भएपछि मैले पाएको सेवा सुविधा विद्यालयलाई गरेको हुँ ।"

सो विद्यालयका प्रधानध्यापक दिलबहादुर गुरुङले प्राप्त रकम विद्यालयको छात्राबासमा अध्ययनरत विद्यार्थीका लागि खर्च गरिने जानकारी दिनुभयो । सो विद्यालयमा आवासीय सुविधासहित विपन्न चेपाङ समुदायका बालबालिका अध्ययन गर्दछन् ।

# ७८१ मा सङ्क्रमण, दुईको मृत्यु

**रासस**
**काठमाडौं, २७ साउन**

देशभर पछिल्लो २४ घण्टामा सात सय ८१ जनामा कोभिड सङ्क्रमण पुष्टि भएको छ । सङ्क्रमणका कारण दुई जनाको मृत्यु भएको छ । सो अवधिमा चार हजार सात सय १२ जनाको नमूना परीक्षण गरिएको थियो ।

दुई हजार दुई सय ९० जनाले पिसीआर र दुई हजार चार सय २२ जनाको एन्टिजेन विधिबाट परीक्षण गरिएको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जनाएको छ । पछिल्लो २४ घण्टामा २३ हजार आठ सय एक जनाले कोभिड विरुद्धको खोप लगाएका छन् । सो अवधिमा पाँच सय ११ जना कोरोना सङ्क्रमणमुक्त भएका छन् । यससँगै सङ्क्रमणमुक्त हुनेको सङ्ख्या नौ लाख ७४ हजार आठ सय छ पुगेको छ । सङ्क्रमणमुक्त हुने दर ९८ दशमलव दुई प्रतिशत रहेको मन्त्रालयले जनाएको छ । हाल सक्रिय सङ्क्रमितको सङ्ख्या पाँच हजार सात सय ७५ रहेको छ । अहिलेसम्म कोरोनाबाट मृत्यु हुनेको सङ्ख्या ११ हजार नौ सय ८४ पुगेको छ । होम आइसोलेशनमा पाँच हजार पाँच सय ६५, संस्थागत आइसोलेसनमा दुई सय १०, आइसीयू ६३ र भेन्टिलेटरमा आठ सङ्क्रमित रहेका छन् ।

हाल देशभरमा पाँच सयभन्दा बढी सक्रिय सङ्क्रमित भएका जिल्ला काठमाडौं र ललितपुर रहेका छन् भने दुई सयभन्दा बढी सङ्क्रमित रहेका जिल्लामा मोरङ रहेको छ । शून्य सङ्क्रमित रहेका जिल्लामा मनाङ, कालिकोट र हुम्ला छन् । उपत्यकाका तीन जिल्लामध्ये हाल काठमाडौंमा दुई हजार आठ सय ६४, ललितपुर आठ सय ९३ र भक्तपुरमा ८८ सक्रिय सङ्क्रमित रहेका छन् । कुल सङ्क्रमणदर १७ प्रतिशत रहेको मन्त्रालयले जनाएको छ ।